# स्थानीय राजपत्र

मेलम्ची नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४) बैशाख १८ गते, २०७७ साल) संख्या : ४

**भाग-१**

## मेलम्ची नगरपालिका सिन्धुपाल्चोक,

## बागमती प्रदेश, नेपाल

### "आफ्नो गाउँ आफै बनाउँ बिशेष कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७"

**१. प्रस्तावना : -**

वडातहको कार्यप्रक्रिया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र वडाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई वडा कार्यालयहरुलाई सक्षम र प्रभावकारी बनाउन, चेतनाको विकास गरेर विभेद र हिंसाको अन्त्य गर्दै सामाजिक रुपमा रहेको अपारदर्शिताको परिवेशलाई परिवर्तन गर्न समुदायलाई सक्रिय बनाउन र सामुदायिक विकास निर्माणमा समुदायमा बसोबास गर्ने सबै नागरिकहरुमा "लौन अब केही गरौं" भन्ने सामुहिक भावनाको विकास गर्दै स्थानीयस्तरमा हुने विकास निर्माणका कार्यमा अपनत्व जगाउने, निर्माण कार्यलाई मितव्ययी, दीगो बनाउन तथा "आजको आवश्यकता सहकार्य र जन-सहभागिता" भन्ने मुल उद्देश्य प्राप्तिको लागि स्वमुल्याङ्कनको पद्धतिबाट सभ्य समाज निर्माण गर्न तथा थप योजना/कार्यक्रम संचालन अनुदान वितरण गर्ने कार्यको लागि वैज्ञानिक बनाउन मेलम्ची नगर कार्यपालिकाले "मेलम्ची नगरपालिकाको आफ्नो गाउँ आफैं बनाउँ बिशेष कार्यक्रम संचालन कार्यविधि, २०७७" स्वीकृत गरी लागु गरेको छ।

२. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यो कार्यविधिको नाम मेलम्ची नगरपालिकाको "आफ्नो गाउँ आफैं बनाउँ बिशेष कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**३. परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

(क) "अङ्कभार" भन्नाले यस कार्यविधिको अनुसूची ५ मा उल्लेख भए बमोजिम कूल १०० पूर्णाङ्कमा निर्धारित सूचक अनुसारको प्राप्त गर्न सकिने अधिकतम अङ्कलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "प्रतिवेदन" भन्नाले स्वमूल्याङ्कनबाट प्राप्त नजिजालाई सम्प्रेषण गर्नका लागि तोकिएको ढाँचा बमोजिमको विवरणलाई सम्झनु पर्छ।

(घ)"मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(ङ)"सूचक" भन्नाले यस कार्यविधिको अनुसूची ३ मा उल्लेख गरिएका सूचकहरुलाई सम्झनु पर्छ।

(च) "स्वमुल्याङ्कन" भन्नाले वडा कार्यालयले दफा ३ को उपदफा (१) बमोजिमका विषय क्षेत्रमा भएको उपलब्धी हासिल गर्न अवलम्बन गरिएको प्रक्रियालाई सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले मेलम्ची नगरपालिकालाई जनाउँदछ र सो शब्दले नगर कार्यपालिकाको कार्यालयलाई समेत जनाउँदछ।

(ज) " प्रमुख " भन्नाले मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको प्रमुखलाई जनाउँदछ।

(झ) " उपप्रमुख " भन्नाले मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको उपप्रमुखलाई जनाउँदछ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेलम्ची नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

(ट) "समिति" भन्नाले दफा ७ बमोजिम गठित समितिलाई जनाउँदछ।

(ठ) "वडा कार्यालय" भन्नाले मेलम्ची नगरपालिकाका वडा कार्यालयहरुलाई जनाउँदछ।

(ड) "उप समिति" भन्नाले यस कार्यविधिको दफा ४ को उपदफा (३) (ख) बमोजिम गठित समितिलाई जनाउँदछ।

(ढ) "टोल" भन्नाले "टोल विकास संस्था संचालन कार्यविधि, २०७५" ले तोकेको समुदायलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## स्वमुल्याङ्कनको विषयक्षेत्र, सूचकहरु र उद्देश्य

४. (१) यस कार्यविधिको आधारमा रही वडा कार्यालयहरुको स्वमुल्याङ्कनका विषयक्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

क. शासकीय प्रवन्ध

ख. बार्षिक वजेट तथा योजना व्यवस्थापन

ग. वित्तीय तथा आर्थिक व्यवस्थापन

घ. सार्वजनिक सेवा प्रवाह

ङ. न्यायिक कार्यसम्पादन

च. भौतिक पूर्वाधार

छ. सामाजिक समावेशीकरण

ज. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

(२) उपदफा (१) बमोजिमका विषयाक्षेत्र अन्तर्गत अनुसूचि ३ अनुसारका मुल्याङ्कनका सूचकहरु रहनेछन् ।

(३) उपदफा (१) बमोजिमका क्षेत्रहरुको स्वमुल्याङ्कनका सूचहरुको अङ्कभार गणना अनुसूची ५ बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमका विषयक्षेत्रहरुमा परिणाममुखी नतिजा प्राप्त गर्नु यस कार्यविधिको लक्ष्य हो ।

## परिच्छेद-३

## स्वमुल्याङ्कनका प्रक्रिया तथा अङ्कभार

५. **स्वमुल्याङ्कन प्रक्रिया :** (१) आफ्नो गाउँ आफै बनाउँ विशेष कार्यक्रम संचालन गर्नु पूर्व अनुसूची-१ बमोजिम नगरपालिकाले प्रस्ताव आव्हान सम्बन्धी सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) को प्रस्ताव आव्हानको सूचना बमोजिम अनुसुची-२ अनुसार प्रतिवद्धता-पत्र सम्बन्धित योजना तथा कार्यक्रमस्थलबाट प्राप्त भएपश्चात अनूसूची-३ बमोजिम सम्बन्धित वडा कार्यालयले स्वमुल्याङ्कन गरी दफा ८ बमोजिमको स्वमुल्याङ्कन सहजीकरण तथा कार्यक्रम सिफारिस समितिलाई तोकिएको समयभित्र पेश गर्नुपर्नेछ ।

(३) स्वमुल्याङ्कनको लागि देहाय बमोजिमका प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

क. निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुलाई स्वमूल्याङ्कनको उद्देश्य र विधिबारे जानकारी तथा प्रशिक्षित गर्ने ।

ख. वडा कार्यालयले वडाअध्यक्षको संयोजकत्वमा १ जना सामाजिक व्यक्तित्व सदस्य र वडा सचिव सदस्य सचिव रहने गरी ३ सदस्यीय स्व:मुल्याङ्कन समिति गठन गर्नेछ ।

ग. उपसमितिले एकीकृत रुपमा प्रारम्भिक नतिजा प्रस्ताव तयार गरी वडा कार्यालयमा पेश गर्ने ।

घ. प्राप्त प्रारम्भिक एकीकृत नतिजा छलफलका लागि वडा समितिको बैंठकमा पेश गर्ने ।

ङ. वडा समितिले प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रुपमा छलफल र विश्लेषण गरी सम्बन्धित विषय क्षेत्रको यथार्थ अङ्कभार निर्धारण गर्ने ।

च. वडा समितिले स्वमुल्याङ्कनको अन्तिम नतिजा अनुमोदन गर्ने ।

छ. स्वमूल्याङ्कनको अन्तिम नतिजाको प्रति वडा समितिको बैंठकबाट अनुमोदन भएको सात दिनभित्र नगर कार्यपालिकाको कार्यालयमा पठाउने ।

**६. अङ्कभार निर्धारण :** दफा ४ बमोजिम निर्धारित सूचकहरुलाई प्रति सूचक अधिकतम ५ अङ्कभार राखी मूल्याङ्कन गर्नुपर्नेछ ।

**७. स्वमुल्याङ्कनको समयावधि** : वडा कार्यालयले अनुसूची-४ बमोजिमको प्रक्रिया अवलम्बन गरी प्रत्येक आर्थिक बर्षको चैत्र मसान्तभित्र स्वमूल्याङ्कन गरी नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४
## नगरपालिकाको जिम्मेवारी

८. स्वमुल्याङ्कनको नतिजालाई पुनरावलोन गर्न, प्रस्तुतीकरण, सार्वजनिकीकरण लगायतका कार्य  देहाय बमोजिम स्वमुल्याङ्कन तथा कार्यक्रम सिफारिस समिति गठन गर्नेछ ।

(क) नगर उपप्रमुख – संयोजक

(ख) प्राविधिक शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक – सदस्य

(ग) योजना शाखा प्रमुख – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी –सदस्य सचिव

**९. नगरपालिका कार्यालयले स्वमुल्याङ्कन कार्यको लागि सहयोग र समन्वय :** नगरपालिका कार्यालयले स्वमुल्याङ्कन कार्यको लागि सहयोग र सहजीकरण गर्न वडाको माग र आवश्यकता अनुसार दफा ८ बमोजिम गठित समितिले स्थलगत सहयोग र सहजीकरण गर्न सक्नेछ।

**१०. नतिजाको समीक्षा :** यस कार्यविधि बमोजिम प्राप्त स्वमूल्याङ्कनको नतिजा उपर नगरपालिकाले वडास्तरमा समीक्षा गर्न सक्नेछ।

**११. उत्कृष्ठ वडाहरु घोषणा :** (१) यस कार्यविधि बमोजिम गरिने स्वमुल्याङ्कनको नतिजाको आधारमा दफा ८ बमोजिमको समितिले आवश्यक अध्ययन गरी नगर कार्यपालिकालाई वरियताक्रम सहित वडाहरु सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस उत्कृष्ठ एवं सफल वडाहरुको घोषणा सिफारिस समितिले गरेको सिफारिस उपर उक्त अवधीको पहिलो कार्यपालिका बैंठकले आवश्यक छलफल गरी निर्णय गर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भएको वडामा दफा १४ बमोजिमको लगानीको क्षेत्र भए नभएको र अनिवार्य शर्तहरु पुरा हुने नहुने यकिन गरी आफ्नो गाउँ आफै बनाउँ विशेष कार्यक्रम संचालनको लागि नगर कार्यपालिकाले स्वीकृत गर्नेछ र यसरी कार्यक्रम स्वीकृत भएको वडाहरुमा आफ्नो गाउँ आफै बनाउँ विशेष कार्यक्रमको सहजीकरण तथा योजनागत कार्य गर्नुको साथै नगरपालिकासंग हुने करार बमोजिमको कार्य गर्ने गरी सोही शीर्षकबाट सहायकस्तर चौथो सरह सुविधा प्राप्त गर्ने गरी एक जना सामाजिक परिचालकको व्यवस्था नगरपालिकाले गर्नेछ।

**१२. कार्यक्रम संचालन सम्बन्धी व्यवस्था** :- दफा ११ बमोजिम उत्कृष्ठ सहित ५० अंक भन्दा माथी अंक प्राप्त गर्ने वडाहरुमा आफ्नो गाउँ आफै बनाउँ विशेष कार्यक्रम संचालन गरिनेछ ।

क. प्रथम, दोश्रो र तेश्रो हुने वडालाई आफ्नो गाउँ आफै बनाउँ विशेष कार्यक्रम शीर्षकको पन्ध्र, दश र पाँच प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराउने र बाँकी रहेको रकमलाई शत प्रतिशत मानेर सफल वडाहरुको प्राप्ताङ्क वा स्वमुल्याङकन् को अंकलाई प्रतिशत निर्धारण गरी आफ्नो गाउँ आफै बनाउँ विशेष कार्यक्रम शीर्षकमा रहेको बजेट रकम विनियोजन गरिनेछ । यसरी निर्धारण गरिएको रकम अंकभारको आधारमा सबै सफल वडाहरुलाई थप अनुदानको रुपमा वितरण गरिनेछ ।

ख.सबै सफल वडाहरुलाई थप अनुदान वितरणको लागि प्रथम, दोश्रो र तेश्रो हुने वडाले प्राप्त गर्ने अनुदान वितरण पश्चात बाँकी रहेको रकमलाई सबै सफल वडाले प्राप्त गरेको स्वमुल्याङकनको योगफलले भाग गर्ने र यसरी प्राप्त हुने परिणामसँग सफल वडाले प्राप्त गरेको स्वमुल्याङकन अंकलाई गुणा गरी प्राप्त हुने रकमलाई थप अनुदानको रुपमा सबै सफल वडाहरुलाई वितरण गरिनेछ ।

ग. दफा १२ (क) र (ख) अनुसार निर्धारण भएको बजेटबाट कार्यक्रम तथा योजना बनाई अनुसुची-२ को शर्तहरु पुरा गरी नगरपालिकामा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

**१३. विशेष व्यवस्था :-** (१) यो कार्यविधि प्रथम वर्ष कार्यान्वयन गरिदा लागु हुनुभन्दा अघिल्लो आर्थिक वर्षमा वडाबाट सम्पादन भएका कार्य तथा प्रस्तावपत्रमा गरिएको प्रतिवद्धताको आधारमा कार्यक्रम छनौट गरिनेछ भने दोश्रो वर्ष देखी यस कार्यविधिमा भएको व्यवस्था बमोजिम हुनेछ ।

(२) कार्यक्रम कार्यान्वयन भएको दोश्रो वर्षदेखी दफा १३ स्वत: अमान्य हुनेछ ।

**१४. कार्यक्रमको लगानी क्षेत्र तथा मापनको आधार** : यस कार्यविधिले लिएको उद्देश्य प्राप्तिको लागि समुदाय परिचालनको माध्यमबाट सामाजिक परिवर्तन तथा सुधार, नवीनतम कार्य, सुशासन प्रवर्द्धन गर्ने, आय आर्जन तथा रोजगारको अवसर सिर्जना गर्न टेवा पुग्ने, सामाजिक न्यायको प्रत्याभुती हुने गरी स्वस्थ प्रतिष्पर्धाबाट

सर्वपक्षीय सहभागिता तथा समन्वयमा हुने कार्यहरु यो कार्यविधि बमोजिम लगानीका क्षेत्रहरु हुनेछन् ।

**१५. खारजी र बचाउ :-** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै समस्या वा बाधा अड्चन उत्पन्न भएमा त्यस्को निरुपण नगर कार्यपालिकाले गर्नेछ ।

नगर कार्यपालिकाको बैठकबाट प्रमाणिकत

अनुसूची-१

कार्यविधिको दफा ५ (१) सँग सम्बन्धित
प्रस्ताव आव्हान सम्बन्धी सूचनाको ढाँचा

**प्रस्ताव आव्हान गरिएको**

प्रकाशन मिति : २०७...../......../........

यस नगरपालिका अन्तर्गतका वडा कार्यालय मातहत क्रियाशिल रहेका संस्था, समिति तथा उपसमितिहरु समुदायस्तरमा परिचालन हुँदा भए गरेका सामुदायिक तथा सामुहिक कार्यहरुको मुल्याङ्कन गरी प्रतिस्पर्धात्मक रुपमा विकासका कार्यहरुलाई समुदायस्तरमा पुर्याउने र आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरण सहितको गतिशिल नगर निर्माण गर्ने उद्देश्यका साथ  वडा तथा बस्तीस्तरमा सम्पादित कार्य तथा समग्र वडा कार्यालयबाट सम्पादित कार्यहरुको सूचकको आधारमा मुल्याङ्कन गरी प्रणालीगत रुपमा विशेष कार्यक्रम छनौट तथा संचालन गर्नको लागि यस नगरपालिकाबाट जारी भएको आफ्नो गाउँ आफै बनाउँ विशेष कार्यविधि, २०७७ को दफा १२ (ख) बमोजिम योजना तथा कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्नु हन यो आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएको छ।

प्रस्ताव पेश गर्ने अवधी :- २०७..../......./......

प्रस्ताव पेश गर्दा अनुसूची-२ बमोजिम प्रतिवद्धता सहित पेश गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

कार्यविधिको दफा ५(२) सँग सम्बन्धित

प्रस्तावकको कार्यक्रम तथा योजना संचालन सम्बन्धी प्रतिवद्धताको ढाँचा

**प्रतिवद्धता-फारम**

**योजना/कार्यक्रमको विवरण :**

१. नाम :-

२. संचालन हुने स्थान :-

३. कार्यक्रम तथा योजनाको प्रकृति :-

४. लाभान्वित हुने घरधुरी संख्या :-

५. लाभान्वित हुने जनसंख्या :- महिला :……….. पुरुष :………

६. अनुमानित लागत :-

७. जनश्रमदानको प्रस्तावित विवरण :-

८. नगद साझेदारी प्रस्ताव भए प्रस्तावित रकम :-

९. योजना तथा कार्यक्रम सम्पन्न हुन लाग्ने अवधी :-

१०. योजना तथा कार्यक्रम संचालन हुँदाको प्रभाव :-

११. क्रियाशिल टोल विकास संस्थाको नाम :-

प्रस्तावको नाम :-

हस्ताक्षर :

वडाध्यक्षको नाम :-

हस्ताक्षर र छाप :-

**अनिवार्य शर्तहरु :**

१. नवीनतम कार्यमा जनसहभिगता वा साझेदारिता सुनिश्चितता भएको ।

**२.** सामाजिक तथा सामुहिक परिचालन सुनिश्चित भएको ।

३. लक्षित वर्गको हित उत्थानका सहयोग हुने निश्चित भएको ।

४. सामाजिक तथा साँस्कृतिक रुपान्तरण, जातीय तथा लैङ्गिक विभेद न्यूनीकरण भई प्रत्यक्ष आयआर्जनमा बृद्धि हुने तथा गरिबी निवारणमा टेवा पुर्याउने ।

५. बालमैत्री तथा वातावारणमैत्री स्थानीय शासन प्रारुपलाई सहयोग पुर्याउने कार्यक्रम समावेश भएको हुनुपर्ने ।

६. सुशासन कायम गरी समन्वय तथा सहकार्य हुने किसिमका कार्यक्रम तथा योजनाहरु ।

७. नीति तथा कार्यक्रम निर्माण, बजेट तर्जुमा र कार्यान्वयनका चरणमा सर्वपक्षिय सहभागिता भएको हुनुपर्ने ।

## अनुसूची-३
## कार्यविधिको दफा ५ (२) संग सम्बन्धित
## मूल्याङ्कन सूचकहरु

| प्रक्रियागत तथा परिणात्मक स्थिति | | | | |
|---|---|---|---|---|
| विषय सम्बन्धी सूचक | सुधारोन्मुख | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
| १ वडा समितिको बैंठक | न्यूनतम मासिक एक पटक बस्ने गरेको | न्यूनतम मासिक दुई पटक बस्ने गरेको | न्यूनतम मासिक तीन पटक बस्ने गरेको | १.समितिको निर्णय पुस्तिका |
| २ वडा समितिको बैंठक संचालन प्रक्रिया | मौखिम सूचनाबाटै संचालन भएको | सदस्यहरुलाई पत्र दिइ गर्ने गरेको | पत्र तथा मौखिक दुवै माध्यमको प्रयोग गरिएको | १.सदस्यहरुलाई दिइएको पत्र |
| ३ पदाधिकारीहरुको सम्पत्ती विवरण | कानून बमोजिम पेश गर्नुपर्ने विवरण पेश नगरेको | पदाधिकारीहरुमध्ये केहीले मात्र कानून बमोजिम पेश गर्नुपर्ने विवरण पेश गरेको | पदाधिकारीहरुमध्ये सबैले मात्र कानून बमोजिम पेश गर्नुपर्ने विवरण पेश गरेको | १.सम्पत्ती विवरण पेश गरेको दर्ता पुस्तिका<br>२.नगरपालिका कार्यालयमा सम्पत्ती विवरण पठाईएको पत्र |
| ४ वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना निर्माण | नभएको | हुने प्रक्रियामा रहेको | भएको | १ आवधिक योजना दस्तावेज |
| ५ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संबद्ध समिति र समन्वय | वडा समिति मात्र | वडा समिति र अन्य समिति/उपसमितिहरु | समिति/उपसमिति सहित सर्पवक्षिय सहभागिता | १ समितिको माइनुट/उपस्थिति |
| ६ राजश्व प्राप्तिको अवस्था | गत आ.व.कै सरह भएको | गत आ व भन्दा १० % भन्दा माथिले बृद्धि भएको | गत आ व भन्दा २० % भन्दा माथिले बृद्धि भएको | १ राजश्व संकलन प्रतिवेदन र दाखिला सम्बन्धी कागजात |
| ७ वार्षिक बजेट कार्यान्वयनको अवस्था | सम्पूर्ण योजनाहरु अन्तिम चौमासिकमा सम्पन्न हुने गरेका | दोश्रो चौमासिकसम्म ३० % र बाँकी तेश्रो चौमासिकमा सम्पन्न हुने गरेका | ७० % दोश्रो / बाकी तेश्रो चौमासिकमा सम्पन्न हुने गरेका | आर्थिक प्रशासनबाट भुक्तानी विवरण समावेश गर्ने |

| | | | | |
|---|---|---|---|---|
| ८ वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा | गत आ व को समीक्षा चालु आ व को प्रथम चौमासिकभित्र नगरेको | गत आ व को समीक्षा चालु आ व को प्रथम चौमासिकभित्र गरेको तर समीक्षा प्रतिवेदन सार्वजनिक नगरेको | गत आ व को समीक्षा चालु आ व को प्रथम चौमासिकभित्र सम्पन्न गरी समीक्षा प्रतिवेदन सार्वजनिक गरेको | १.समीक्षाको कार्यक्रमको उपस्थिति<br>२.समीक्षा कार्यक्रमको प्रतिवेदन |
| ९ गुनासो फछ्र्योट | गुनासोको अभिलेख राखि सो मध्ये ४० % भन्दा कम सम्बोधन भएको | गुनासोको अभिलेख राखि सो मध्ये ४०-८० % सम्म सम्बोधन भएको | गुनासोको अभिलेख राखि सो मध्ये ८० % भन्दा बढी सम्बोधन भएको | १.गुनासो दर्ता किताब<br>२.गुनासो फर्छयौट सूची |
| १० सार्वजनिक सुनुवाइ | वार्षिक एक पटक मात्र हुने गरेको | वार्षिक दुई पटक हुने गरेको | प्रत्येक चौमासिकको समाप्ति पछि गर्ने गरेको | सार्वजनिक सुनुवाईको अभिलेख पुस्तिका तथा उपस्थिति पुस्तिका |
| ११ सामुदायिक मेलमिलाप केन्द्रबाट न्यायिक कार्यसम्पादन | मेलमिलाप केन्द्रबाट हालसम्म कार्य नै नभएको | मेलमिलापबाट हुने न्यायिक सम्पादन गरिएको | मेलमिलापबाट हुने मेमिलाप केन्द्रबाट नसक्ने न्यायिक समितिमा पठाउने गरिएको | न्याय सम्पादनको अभिलेख पुस्तिका |
| १२मेलमिलाप केन्द्रको कार्यसम्पादन | अधिकाँश निर्णय संयोजकले मात्र गर्ने गरेको | अधिकाँश निर्णय बहुमतको आधारमा गर्ने गरेको | निर्णय सर्वसम्वत हुने गरेको | निर्णय अभिलेखमा न्यायिक सम्पादन समेत देखिने गरि तयार भएको सूची |
| १३ सामाजिक विभेद न्यूनीकरण | छुवाछुत, भेदभाव, कुरीति, अन्धविश्वास कायम रहेको लैङ्गिक विभेद र हिंसाका घटनामा कमी नआएको | छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसा न्यूनीकरणका लागि टोल विकास संस्था मार्फत सामाजिक परिचालन गरिएको। | छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसा सम्बन्धि उजुरीमा कमी आई सामाजिक सहिष्णुता, सौहार्दता सहितको समतामुलक समाजको आधार तयार भएको। | १छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरुसंग न्यूनीकरणको लागि संचालित गतिविधिहरु प्रमाणित हुने कागजात तथा निर्णय पुस्तिका |

| | | | | |
|---|---|---|---|---|
| १४ घटना दर्ता सम्बन्धी कार्य | घटना घटेको ३५ दिनभित्र २५ % भन्दा कम गरिएको | घटना घटेको ३५ दिनभित्र ५० % भन्दा बढी गरिएको | घटना घटेको ३५ दिनभित्र ७५ % भन्दा बढी गरिएको | घटना दर्ता पुस्तिका तथा पञ्जिकरणको प्रणालीबाट प्रतिवेदन पेश गर्ने |
| १५ सामाजिक सुरक्षा वृत्ति सम्बन्धी कार्य | बार्षिक रुपमा लगतकट्टा, नवीकरण र थप लाभग्राहीहरुको विवरण अद्यावधिक गर्ने गरेको | अर्धबार्षिक रुपमा लगतकट्टा, नवीकरण र थप लाभग्राहीहरुको विवरण अद्यावधिक गर्ने गरेको | चौमासिक रुपमा लगतकट्टा, नवीकरण र थप लाभग्राहीहरुको विवरण अद्यावधिक गर्ने गरेको | सामाजिक सुरक्षा लगतकट्टा, नवीकरण र थप लाभग्राही अद्यावधिक सम्बन्धि विवरण |
| १६ लक्षित वर्ग उत्थान कार्यहरुको लागि गरिने लगानी | वडा वजेटको ५ % भन्दा कम | वडा वजेटको ५ % भन्दा बढी | वडा वजेटको १० % भन्दा बढी | वार्षिक बजेट तथा कार्यक्रमको प्रति |
| १७ वातावरणीय प्रदुषण नियन्त्रण (जल, भुमी, ध्वनी, वायू र खाद्य) | वातावरणीय प्रदुषण नियन्त्रणको लागि कुनै कार्यक्रम नगरेको | वातावरणीय प्रदुषण नियन्त्रणको लागि कार्यक्रम गरिएता पनि प्रभावकारी नभएको | कार्यक्रम प्रभावकारी भई राष्ट्रिय मापदण्ड अनुरुप रहेको | कार्यक्रमको प्रतिवेदन |
| १८ टोल विकास संस्था गठन तथा संचालन | टोल विकास संस्था संचालन कार्यविधि बमोजिम कुनै पनि टोल विकास संस्था नभएको | टोल विकास संस्था संचालन कार्यविधि बमोजिम ५०% टोलहरुमा टोल विकास संस्था नभएको | टोल विकास संस्था संचालन कार्यविधि बमोजिम ८०% भन्दा बढी टोलहरुमा टोल विकास संस्था भएको | टोल विकास संस्था आवद्ध भएको प्रतिवेदन र विवरण |
| १९ संचालन भएका योजनाहरुको सम्पन्न भएपश्चात हस्तान्तरण | सम्बन्धित उपभोक्ताहरुलाई हस्तान्तरण गर्ने नगरिएको | सम्बन्धित उपभोक्ताहरुलाई हस्तान्तरण गरिने प्रक्रियाको थालनी गरिएको | गत आ व देखी नै थालनी गरिएको र निरन्तरता दिई रहेको | हस्तान्तरण कार्यक्रमको पुस्तिका |
| २० पूर्वाधार विकासको नियमित मर्मत संभार | वेवारिस रहने गरेको | वडा तथा नगरस्तरबाट गर्नको लागि माग भई मर्मत संभार हुने गरेको | उपभोक्ता आफैले गर्ने गरेको | स्थलगत फोटो वा नियमित मर्मत संभार सम्बन्धी पुस्तिका |

## अनुसूची-४
## कार्यविधिको दफा ७ संग सम्बन्धित
## वडा तहको स्वमुल्याङ्कन कार्ययोजना

| क्र.सं | क्रियाकलाप | समय सीमा |
|---|---|---|
| १ | वडाको बार्षिक कार्यक्रममा स्वमुल्याङ्कन सम्बन्धी क्रियाकलाप समावेश गर्ने | असार १० गतेभित्र |
| २ | परिच्छेद ३ बमोजिम फोकल पर्सन तोक्ने | श्रावणको पहिलो हप्ता |
| ३ | सबै प्रमाणिकरणका आधारहरु संकलन तथा विश्लेषणात्मक प्रतिवेदन तयार गर्ने | निरन्तर |
| ४ | वडा तहको स्वमुल्याङ्कनको लागि तयारी बैठक गरी प्रमाणीकरणको आधारहरु संकलन तथा तयार भएको सुनिश्चित गर्ने | श्रावण मसान्त भित्र |
| ५ | परिच्छेद ३ बमोजिमको उद्देश्य, विधि र प्रणालीबारे प्रशिक्षण कार्यक्रम संचालन गर्ने | भाद्र मसान्त भित्र |
| ६ | स्वमुल्याङ्कनको अंकभार निर्धारण गर्ने एवं स्वमुल्याङ्कनको प्रणालीमा आधारित प्रारम्भिक नतिजा तयार गर्ने । | आश्विन मसान्तभित्र |
| ७ | तयार भएको नतिजा सिफारिसको लागि सहजीकरण तथा सिफारिस समितिमा पेश गर्ने | कार्तिक समान्त भित्र |
| ८ | सिफारिस समितिबाट आवश्यक अध्ययन गरी कार्यपालिकालाई उत्कृष्ठ वडा घोषणाको लागि सिफारिस गर्ने | पौषको पहिलो हप्ता |
| ९ | नगर कार्यपालिकाले उत्कृष्ठ वडा घोषणा तथा आफ्नो गाउँ आफै बनाउ कार्यक्रम स्वीकृत गरी उत्कृष्ठ वडामा कार्यक्रम संचालनको स्वीकृती प्रदान गर्ने | पौष मसान्त भित्र |
| १० | उत्कृष्ठ वडा तथा स्वीकृत कार्यक्रमको अनुमोदन नगरसभाबाट गर्ने | सभाको बैठक बसेको समयमा |

अनुसूची-५
कार्यविधिको दफा ४ (३) संग सम्बन्धित
मूल्याङ्कन सूचकहरुको तह र अङ्कभार

१. सूचकहरु :

क. प्रक्रियागत तथा परिमाणात्मक स्थिति :- वडाको दैनिक प्रशासन र सेवा प्रवाह तथा स्थानीय सरोकारका विषय सम्बोधन हुने खालका प्रक्रिया उन्मुख सूचकहरु र तुलना गर्न, मापन गर्न र संख्यात्मक रुपमा उल्लेख गर्न सकिने प्रकृतिका नतिजामूलक सूचकहरु ।

| मुल्याङ्कन तह | भार अनुपात | नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार |
|---|---|---|
| परिमाणात्मक स्थिति | १००% | यस स्थिति अन्तर्गत ३ वटा (सुधारोन्मुख, सामान्य र उत्तम) अवस्था निर्धारण गरिएको छ । सुधारोन्मुखको लागि ० अंक, सामान्यको लागि ३ अंक र उत्तमको लागि ५ अंक निर्धारण गरिएको छ । |

**प्रमाणीकरण मिति: २०७७।०१।१८**

**आज्ञाले**
**कुमार प्रसाद कोइराला**
**प्रमुख प्रशासकीय अधिकृत**